नेपाल मगर संघ र मगर अन्तराष्ट्रिय मञ्चद्वारा सन् २०१९ अक्टोवर १३–१४, काठमाडौंमा आयोजित दोस्रो मगर अन्तराष्ट्रिय सम्मेलनमा नेपाल मगर संघको तर्फवाट प्रस्तुत

# अन्तर्राष्ट्रिय मगर महासंघ

# (International Magar Federation)

## आधार–पत्र/अवधारणा–पत्र

### १. प्रस्तावना

हामी विश्वभर रहेका सम्पूर्ण मगरहरू,

मगर समाजको भाषिक–साँस्कृतिक–भौगोलिक विविधता र मौलिकतालाई पुँजीकृत गर्दै,

मगर समाजमा रहेको आदिवासीय ज्ञान, सीप, विश्वास, र प्रथालाई संस्थागत गर्दै,

मगर समाजका अग्रजहरूले नेपाल राज्य निर्माणका अहिलेसम्मका सवै ऐतिहासिक घटनाहरूमा दिएको अग्रगामी योगदानलाई सम्मान र स्मरण गर्दै,

मगर समाजको सामाजिक बहिष्करण र आर्थिक सीमान्तीकरणको अवस्थालाई वस्तुगत समीक्षा गर्दै,

आदिवासीहरूको अधिकारसम्वन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र (UNDRIP) सन् २००७ र अन्तराष्ट्रिय श्रम संगठन अभिसन्धि १६९ का प्रावधानहरूलाई आ–आफ्नो देशको सन्दर्भमा कार्यन्वयन गराउन राज्य सरकारसंग जोडदार माग गर्दै,

मगर समाजको समग्र सामाजिक, आर्थिक, राजनीतिक र साँस्कृतिक विकास र समृद्धिको लागि ठोस पहल अगाडी बढाउन दृढ प्रतिज्ञा गर्दै,

विभिन्न सन्दर्भ खासगरी युद्ध, श्रम, रोजगारी, व्यापार व्यवसाय र बसाइसराईका प्रक्रियाद्वारा विश्वका विभिन्न मुलुकहरूमा पुगेका र त्यहीको नागरिकता प्राप्त गरेर पनि मगर पहिचानको राष्ट्रियतामा बाँधिएका संसारभरका मगरहरूवीच एकता, भातृत्व र सहकार्य कायम गर्दै मगर राष्ट्रियतालाई अन्तराष्ट्रियकरण गर्ने अठोट लिदैं,

विश्वभर छरिएर रहेका मगरहरूको हक, हित, अधिकार र पहिचानको संरक्षण गर्दै मगरात सभ्यताको विकास गर्न,

नेपाल मगर संघ लगाएत विश्वभर मगर समाजको हितका खोलिएका संघ, संस्था र संगठनहरूवीच आपसी सहकार्य, ऐक्यबद्धता र भाइचार सम्वन्ध विस्तार गरी समुन्नत र समृद्ध मगर समाज निर्माण गर्न एक अन्तराष्ट्रियस्तरको गैर–राजनीतिक तथा गैर–नाफामूलक सामुदायिक संस्थाको आवश्यकतालाई गम्भिरतापूर्वक आत्मसाथ गर्दै,

विश्वभर मगर समाजमा क्रियाशील संघसंस्था, अगुवा, नेता, कार्यकर्ता, बुद्धिजीवि तथा सरोकारवाला पक्षहरूसंगको लामो छलफल र परामर्शको आधारमा नेपाल मगर संघको तर्फवाट **अन्तराष्ट्रिय मगर महासंघ** (International Magar Federation) गठनसम्वन्धी यो आधार पत्र तयार गरिएको छ ।

## २. पृष्ठभूमि

पछिल्ला केही वर्षहरूमा मगरहरूको अन्तराष्ट्रिय संजालको आवश्यकतावारे नेपाल र नेपालवाहिर पनि चासो र चर्चा हुन थालेको हो । खासगरी यस्तो बहस नेपाल मगर संघको नेतृत्वमा विभिन्न समयमा अनौपचारिकरूपमा हुँदै आएको हो । तर पनि महासंघ निर्माणको ठोस बहसको शुरूवात बेल्जियमका मगरहरूले सन् २००२ मा  वर्ल्ड मगर फेडेरेशन, बेल्जियमलाई विधिवत दर्ता गरेपछि शुरू भएको हो । यो संस्था स्थापना गर्दा नेपालको एक विषम परिस्थितिका बावजूद तत्कालीन नेपाल मगर संघको नेतृत्वसमेतको परामर्शमा मगरहरूको अन्तराष्ट्रिय संस्था बनाउने अभिप्रायले नै स्थापना गरिएको थियो । तर विदेशी भूमीमा आफ्नो कार्यव्यस्तताका कारण यो संस्था बेल्जियममा मात्र क्रियाशील रहँदै आयो ।

यसै सन्दर्भमा, सन् २०१२ मा नेपालमा मगर युवा अनुसन्धाकर्ताहरूले मगर समाजसम्वन्धी प्राज्ञिक काम गर्ने हेतुले मगर प्राज्ञिक समूह नामक संस्था स्थापना गरि सोही वर्षको जुलाई १४ र १५ गते नगरकोटमा *मगर जातिको पहिचान* विषयक दुईदिने राष्ट्रिय सेमिनार आयोजना गरेको थियो । विश्व मगर संघ, बेल्जियमको आर्थिक सहयोगमा सम्पन्न भएको सो सेमिनारको अवसर पारेर एउटा छुट्टै शत्रमा मगर जातिको अन्तर्राष्ट्रिय सञ्जालको आवश्यकतावारे व्यापक छलफल गरिएको थियो ।[1] छलफलले पूर्व सांसद फटिक थापालाई यस सम्वन्धी ठोस अवधारणा तयार गर्न म्याण्डेट दिएको थियो । उहाँले अवधारणा तयार गरेपछि त्यसवारे सन् २०१३ को मे १९ मा यलमायाकेन्द्र ललितपुरमा मगर अगुवाहरूकोविचमा व्यापक अन्तरक्रिया भयो । अन्तरक्रियाले मगरहरूको अन्तराष्ट्रिय संजाल निर्माणलाई ठोसरूपमा अगाडी बढाउन नेपाल मगर संघलाई जिम्मा दिने सहमतिसहित एउटा कार्यदल गठन भयो ।

अन्ततः नेपाल मगर संघको संयोजनमा सन् २०१५ फेब्रुअरी २७ देखि मार्च १ सम्म काठमाडौंमा विभिन्न १३ देशमा क्रियाशील मगर संघ संस्थाहरूको सहभागितामा पहिलो अन्तराष्ट्रिय सम्मेलन गरि बेलायतका प्रतिनिधी थर्क राना मगरको नेतृतवमा **मगर अन्तराष्ट्रिय मञ्च**को गठन भयो । सो सम्मेलनमा नेपाल मगर संघका वैदेशिक शाखाको रूपमा क्रियाशील रहेका तथा हङकङ र युकेवाहेक सवै अस्थायीरूपमा रोजगारीको सिलसिलामा गएका देशका मगर संघहरूको सहभागिता थियो । त्यसैगरी संगठनात्मकरूपमा यो मञ्चलाई नेपाल मगर संघको विदेश विभाग अन्तरगतको

[1] उक्त सेमिनारमा मगर समाजका प्रबुद्ध वर्ग खासगरी नेपाल मगर संघका प्रतिनिधि, विश्व मगर संघ, बेल्जियमका प्रतिनिधि, विभिन्न राजनीतिक दलमा आबद्ध मगर नेता, नेपालका विश्वविद्यालयहरूमा अध्यापन गर्नुहुने मगर बुद्धिजीवी, अनुसन्धानकर्ता र सामाजिक अभियानकर्ताको सहभागिता थियो । सेमिनारमा प्रस्तुत कार्यपत्रहरूलाई सम्पादन गरी *मगर जातिः ऐतिहासिक, राजनीतिक र साँस्कृतिक सन्दर्भ* नामक पुस्तक समेत प्रकाशित भइसकेको छ ।

हैसियतमा नै राखियो र यसले स्थायी रूपमा सम्वन्धित देशको नागरिकता वा नेशनालिटी पाएका खासगरी भारत, भुटान, बर्मा, थाइल्याण्ड, बेल्जियम लगाएतका देशका मगर संघहरूलाई समेट्न सकेन जसले गर्दा मगरहरूको अन्तराष्ट्रिय महासंघ निर्माणको लागि भएका पहल र परिकल्पना पुरा हुन सकेन । यद्यपी मञ्चलाई महासंघ बनाएर लैजानुपर्छ भन्ने सवाल पनि सम्मेलनमा उठको थियो । तसर्थ मञ्च गठनको ४ वर्षपछि नेपाल मगर संघकै पहलमा विश्वभर स्थायी र अस्थायी रूपमा बसोवास गर्ने देशका मगर संघहरूलाई समेत समेटेर मगरहरूको साँच्चिकै अन्तराष्ट्रियस्तरको महासंघ निर्माण गर्नका लागि मञ्चको स्वरूपलाई रूपान्तरण गरी **अन्तराष्ट्रिय मगर महासंघ** गठनको लागि नेपाल मगर संघको तर्फवाट यो आधारपत्र तयार गरिएको छ ।

## ३. विश्वमा मगरहरू र महासंघको आवश्यकता

मगर जाति नेपालको आदिवासी समुदाय हो । यो जातिको बसोबास नेपालको सवै जिल्लाहरूमा भएपनि मुख्यगरी पाल्पा, स्याङ्जा, तनहुँ, नवलपरासी, रोल्पा, रूकुम, बागलुङ, म्याग्दी लगाएतका जिल्लाहरूमा घना आवादी रहेको छ । अझ नेपालमा मात्र सीमित नभएर मगरहरू पूर्वी भारतको सिक्किम, दार्जीलिङ, आसाम, अरूणाचल प्रदेश, मणिपुर, त्रिपुरा, मेघालय र नागाल्यान्ड र पश्चिम भारत, देहरादुन, अल्मोडा, काँगडा र हिमाचल प्रदेशमा छरिएर रहेको छ । त्यसरी नै भुटानका विभिन्न ठाउँ र बर्मामा समेत मगरहरू बसोवास गर्दछन् । रोजगारी, अध्ययन र आप्रवासीका सिलसिलामा छिमेकी मुलुक भारतका विभिन्न सहर, अरब मुलुक, सिंगापुर, मलाया, यू.के. (बेलायत), बेल्जियम, स्पेनलगायतका युरोपियन देश, जापान, हङकङ, दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाका विभिन्न राज्यका सहरमा समेत मगर जातिका मानिस पुगेका छन् । रोजगारीका दौरान विभिन्न मुलुकमा पुगेका केही मगर ती देशका नागरिक पनि भइसकेका छन् । पहिलो र दोस्रो विश्वयुद्धमा इस्ट इन्डिया कम्पनी (वेलायत)का तर्फबाट लडाइँ लड्न बाध्य भएका मगर जातिका सपुत संसारका विभिन्न मुलुकमा छुटेर त्यतै बिहेबारी गरेर बसेका पनि छन् । नेपाल र नेपालबाहिर मगर जातिका व्यक्तिहरूले आफ्नो जातिको उत्थानका लागि आ-आफ्नो ठाउँमा जातीय संस्था स्थापना गरी आफ्नो जाति, इतिहास, धर्म, भाषा र संस्कृतिको संरक्षण तथा सम्बर्द्धनका लागि आफूलाई क्रियाशील बनाइरहेका छन् ।

मगरहरूको विश्वव्यापी उपस्थितिको मुख्य ३ प्रकारको देखिन्छ । पहिलो, नेपाली राज्य निर्माण अगाडीदेखि नै बसोबास गर्दै आएका आदिवासी मगरहरू जो अहिले नेपालको ७७ वटै जिल्लामा देशकै तेस्रो ठूलो जनसंखया ओगटेर बसेका छन् । दोस्रो, नेपाली राज्य निर्माणको क्रममा युद्ध, बसाई सराई, व्यापार व्यवसाय, गोर्खा भर्ती, अध्ययन, आप्रवासी र विभिन्न पेशामा संलग्न रहनेक्रममा संसारका विभिन्न ठाउँमा पुगेर त्यही देशको नागरिक भइ बसेका भारत, भुटान, बर्मा, बेल्जियम, पोर्चुगल, स्पेन, क्यानाडा, लण्डन, हङकङ लगाएतका देशमा बसोबास गर्ने मगरहरू र तेस्रो, विश्वव्यापीकरणको प्रक्रियासंगै श्रम, रोजगारी, शिक्षा र विभिन्न पेशा व्यवसायमा संलग्न भई

अस्थायीरूपमा मध्यपूर्वका कतार, साउदी अरव, मलेसिया, इजरेल लगाएतका विभिन्न देशमा रहेका मगरहरू ।

पहिलो किसिमका मगरहरू नेपालमै बसोबास गर्ने भएकाले नेपाल मगर संघ अन्तरगत संगठित हुन सक्छन् । दोस्रो प्रकारका मगरहरू जो विभिन्न देशका नागरिक भइसकेका तर मगर राष्ट्रियतासहित बाँचेका छन् उनीहरूलाई नेपाल मगर संघले समेट्न सक्दैन । किनकी उनीहरू सम्वन्धित देशको संवैधानिक व्यवस्था अन्तरगत संगठित भएर त्यहीको नागरिकको रूपमा आफ्ना अधिकारका मुद्दाहरू उठाउँदै आएका छन् । उदाहरणका लागि भारतीय मगरहरूको मुख्य मुद्दा सूचिकृत जाति (Schedule Tribe) मा समावेश हुनु हो भने युरोप, बेलायत र अमेरिकाकाका कतिपय मगरहरू त्यहाँको स्थायी बसोवासका लागि लडिरहेका छन् । तेस्रो किसिमका मगरहरूले पनि आ–आफ्नो देशमा मगर संघ गठन गरेर क्रियाशील हुँदै आएका छन् तर उनीहरूको मुख्य मुद्दा श्रम अधिकारको सुनिश्चितता नै हो । यी तिनै प्रकारका मगरहरूको साझा मुद्दा भनेको हामी सवै मगर हौं र हाम्रा इतिहास, भाषा, संस्कृतिको मूल जरो एउटै हो । त्यसैले विश्वभर छरिएर साझा मगर राष्ट्रियतामा बाँधिएका तर भिन्न भिन्न नागरिकता र मुद्दा रहेका मगरहरूकोविचमा एकता, भातृत्व तथा सामाजिक साँस्कृतिक सहयोग आदानप्रदान र ऐक्यबद्धता कायम गरी विश्वव्यापीरूपमा समुन्नत मगर समाजको निर्माण गर्न मगरहरूको अन्तराष्ट्रिय महासंघको आवश्यकता अनिवार्य बन्न पुगेको छ ।

### ३. महासंघका उद्देश्यहरू

- संसारभर विभिन्न संस्कृति र सन्दर्भसहित भिन्न भिन्न देशको नागरिक भएका तर मगर राष्ट्रियतामा बाँचेका मगरहरूको विचमा एकता र भातृत्व कायम गर्दै सामाजिक, आर्थिक र राजनैतिककरूपमा सबल र संमृद्ध मगर समाज निर्माण गर्न भूमिका खेल्ने ।
- संसारभरका मगर संघसंस्थाहरूको विचमा संस्थागत भाइचारा सम्बन्ध स्थापना गरी विश्वभरका मगरहरूको हक, हित, अधिकार र पहिचानसहितको राष्ट्रियतालाई प्रबर्द्धन गर्ने ।
- विभिन्न मुलुकमा रहेका मगरले महासंघमार्फत आफ्नो सामाजिक, राजनीतिक, आर्थिक तथा सांस्कृतिक पहिचानका मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्न र ऐक्यवद्धता निर्माण गर्न ।
- मगर समाजमा भएका कुरिती, कुसंस्कारको पहिचान गरी समाजिक सुधार गर्न तथा मगर जातिका सामाजिक, भाषिक, साँस्कृतिक एवं लैंगिक अधिकार प्राप्त गर्न अन्तराष्ट्रिय आदिवासी आन्दोलनसंग एकाकार गर्न ।
- अन्तर्राष्ट्रिय सभा, सम्मेलन, कार्यशाला तथा गोष्ठी आयोजना गरी मगर जातिको ज्ञान, विश्वास, विचार, अनुभव र समस्याहरूलाई छलफल, आदानप्रदान र लिपिबद्ध गर्न ।
- मगर जातिको सामाजिक इतिहासको पुनर्लेखन गर्न मगर समाजका विविध पक्षवारे अध्ययन, अनुसन्धान, र प्रकाशन गर्न ।

- एक्काइसौं शताव्दीको समुन्नत र समृद्ध मगर समाज निर्माणमा ठोस र परिणाममुखी भुमिका खेल्न राष्ट्रिय अन्तराष्ट्रिय पहल गर्न ।
- विश्वभर प्राकृतिक तथा मानवीय विपत्तिमा परेका मगरहरूलाई सहयोग गर्न एक कल्याणकारी कोषको स्थापना र संचालन गर्ने

**४. महासंघको स्वरूप**

मगर अन्तर्राष्ट्रिय महासंघ विश्वभर छरिएर रहेका मगरको राष्ट्रियस्तरका जातीय संघहरूको प्रतिनिधित्ववाट बनेको एक  गैर–राजनीतिक, गैर–धार्मिक एवं गैर–नाफामूलक संस्था हुनेछ । महासंघमा विश्वका विभिन्न मुलुकमा मगर जातिको उत्थानका लागि स्थापना भएका मगर जातिका संघसंस्था वा संस्थाले तोकेको प्रतिनिधी आबद्ध हुनेछन् । एक देशवाट एउटा मात्र मगर संघ आधिकारिकरूपमा महासंघमा आबद्ध हुनेछ । महासंघको माध्यमबाट संसारको कुनै पनि कुनामा रहेका मगरले आफ्नो इतिहास, भाषा, धर्म र संस्कृतिको संरक्षरण तथा सम्वर्द्धनका लागि र उनीहरूका आ–आफ्नो सरोकारका सवालहरूमा सहयोग आदानप्रदान र ऐक्यबद्धता (Solidarity) कायम राख्नेछन्

**५. महासंघको संरचना**

महासंघको संरचना पूर्णरूपमा संघीय स्वरूपको हुनेछ । महासंघको ३ तहको संरचना हुनेछ : अन्तराष्ट्रिय परिषद, कार्यकारी परिषद (सचिवालय) र राष्ट्रिय संघहरू ।

*५.१. अन्तराष्ट्रिय परिषद (International Council) :* महासंघको सदस्यता प्राप्त प्रत्येक देशका राष्ट्रिय संघको प्रतिनिधित्व हुनेगरी एक अन्तराष्ट्रिय परिषद (International Council) गठन गरिनेछ । सवै राष्ट्रिय संघहरूले संस्थागतरूपमा शिफारिस गरेका मनोनित प्रतिनिधिहरू परिषदका सदस्य वा काउन्सिलर हुनेछन् । यो परिषद महासंघको सर्वोच्च अंग हुनेछ र यसले महासंघको नीति, कार्यक्रम र रणनीति तय गर्नेछ । अन्तराष्ट्रिय परिषदको नेतृत्व पनि कार्यकारी परिषदको निर्वाचित अध्यक्षले गर्नेछ । परिषदको बैठक एक एक वर्षमा हुनेछ र वैठकसंगै वार्षिक अन्तराष्ट्रिय सम्मेलनको पनि आयोजना गरिनेछ ।

*५.२. कार्यकारी परिषद (सचिवालय) (Excutive Council) :* यो परिषदले महासंघको कार्यकारी भूमिका निर्वाह गर्नेछ । अन्तराष्ट्रिय परिषदले लिएका नीति कार्यक्रमहरू कार्यन्वयन गर्न अन्तराष्ट्रिय परिषद र राष्ट्रिय संघहरूविच सहजीकरणको गर्नेछ ।  यो परिषदका पदाधिकारीहरू स्थायी बसोवास वा नागरिकता प्राप्त देशहरूका राष्ट्रिय संघहरूवाट एक देश एक भोटको आधारमा निर्वाचित हुनेछन् । अस्थायी रूपमा रोजगारीमा गएका मगरहरू भएको राष्ट्रिय संघवाट कार्यकारी परिषदमा प्रतिनिधित्व हुनेछैन । यस किसिमका राष्ट्रिय संघहरूको प्रतिनिधित्व नेपाल मगर संघ मार्फत नै हुनेछ । कार्यकारी परिषदको कार्यकाल ४ वर्षको हुनेछ । त्यसका लागि प्रत्येक ४ वर्षमा महासंघको

अन्तराष्ट्रिय महासम्मेलन हुनेछ । कार्यकारी परिषद निम्नानुसारको बढीमा १७ सदस्यीय हुनेछ भने यसको बैठक ६/६ महिनामा बस्नेछ ।


| | |
|---|---|
| १. अध्यक्ष | १ |
| २. उपाध्यक्ष (एक महिला एक पुरूष) | २ |
| ३. महासचिव | १ |
| ४. उपमहासचिव | १ |
| ५. सचिव | २ |
| ६. कोषाध्यक्ष | १ |
| ७. सहकोषध्यक्ष | १ |
| *क्षेत्रिय संयोजकहरू:* | |
| ८. एशिया संयोजक | ३ |
| ९. युरोप संयोजक | १ |
| १०. यु.के. संयोजक | १ |
| ११. अमेरिका तथा ल्याटिन अमेरिका संयोजक | १ |
| १२. मध्य–पूर्व संयोजक | १ |
| १३. अष्ट्रेलिया संयोजक | १ |

कार्यकारी परिषदका अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, सचिव, कोषाध्यक्ष र सहकोषाध्यक्ष महासंघको सदस्यता प्राप्त राष्ट्रिय संघहरूको एक संघ एक भोटको मतदानवाट निर्वाचित हुनेछन् भने क्षेत्रीय संयोजकहरू सोही क्षेत्रका राष्ट्रिय संघहरूको मतदानवाट निर्वाचित गर्नेछन् । महासंघीय अभ्यासलाई संस्थागत गर्न कार्यकारी परिषदको अध्यक्षमा एक देशले लगातार २ कार्यकाल नेतृत्व गर्न पाउने छैन भने अध्यक्ष, महासचिव र कोषाध्यक्षमा कुनै पनि एउटा देशको मात्र हुन पाउने छैनन । अन्तराष्ट्रिय परिषद र कार्यकारी परिषद दुवैमा लैंगिक समावेशीतालाई सुनिश्चित गरिनेछ ।

*५.३. राष्ट्रिय संघहरू (National Associations):* राष्ट्रिय संघहरूले महासंघको नीति कार्यक्रम निर्माण र कार्यन्वयनमा प्रमुख भूमिका खेल्नेछन् । अन्तराष्ट्रिय परिषदमार्फत नीति कार्यक्रम योजना तर्जुमा गर्नेछन् भने आ–आफ्नो राष्ट्रिय संघमार्फत ती नीति कार्यक्रमहरूको कार्यन्वयन गर्नेछन् । मगरहरूको उपस्थिति रहेको प्रत्येक देशमा महासंघको सदस्यता प्राप्त एक एक वटा राष्ट्रिय संघ मात्र आधिकारिकरूपमा क्रियाशील हुनेछन् । राष्ट्रिय संघहरू दुइ किसिमका हुनेछन् । पहिलो नेपाल लगाएत स्थायी बसोवास र सम्वन्धित देशको नागरिकता वा नेशनालिटी प्राप्त मगरहरू रहेको देशमा खोलिएका मगर संघहरू, जो नेपाल मगर संघ जस्तै स्वायत्त छन् र दोस्रो, अस्थायी रूपमा रोजगार अनुमति मात्र पाएर सम्वन्धित देशमा पुगेर खोलिएका मगर संघहरू, जो नेपाल मगर संघको

शाखाको रूपमा आवद्ध छन् । महासंघको व्यापकताका लागि दुवै किसिमका मगर संगठनहरू र तिनका प्रतिनिधिहरू अन्तराष्ट्रिय परिषदमा हुनेछन् तर कार्यकारी परिषदमा भने पहिलो किसिमका राष्ट्रिय मगर संघहरू निर्वाचित हुनेछन् भने दोस्रो किसिमका मगर संघहरू नेपाल मगर संघ मार्फत नै सहभागी हुनेछन् । (अहिलेसम्म गठन भएका मगर राष्ट्रिय संघहरूको लागि हेर्नुस अनुसूचि १) ।

### *५.४ संगठनात्मक संरचना*




## ६. सदस्यताको किसिम र शुल्क

अन्तराष्ट्रिय मगर महासंघको ३ किसिमको सदस्यता हुनेछन् :

*६.१. संस्थापक सदस्यता :* महासंघ स्थापनाको वखत सदस्यता लिएका राष्ट्रिय संघहरूलाई यो सदस्यता प्रदान गरिनेछ । संस्थापक सदस्यताको लागि एक पटकको लागि मात्र ३०० अमेरिकन डलर लाग्नेछ भने संस्थापक सदस्य भएका राष्ट्रिय संघहरूले संस्थागत सदस्यता पनि लिनुपर्नेछ ।

*६.२. संस्थागत सदस्यता:* मगर संघ गठन भएका कुनै पनि देशको एउटा मात्र राष्ट्रिय संघलाई संस्थागत सदस्यता प्रदान गरिनेछ । संस्थागत शुल्क ५०० अमेरिकन डलर लाग्नेछ र प्रत्येक ३/३ वर्षमा सदस्यता नवीकरण गर्नुपर्नेछ ।

*६.३. आवद्ध सदस्यता:* मगर जातिको नाममा खोलिएका विभिन्न गैर–सरकारी संस्थाहरूलाई सम्वन्धित देशको राष्ट्रिय संघको सिफारिसमा आवद्ध सदस्यता प्रदान गरिनेछ । आवद्ध सदस्यता लिएका संस्थाहरू महासंघको सम्मेलन र कार्यक्रमहरूमा तोकिएको संख्यामा पर्यवेक्षकको रूपमा भाग लिन मात्र पाउनेछन् तर उमेदवार हुन र मतदान गर्न पाउने छैनन । आवद्धता शुल्क एक पटकको लागि मात्र १०० अमेरिकन डलर लाग्नेछ ।

## ७. प्रतिनिधिको व्यवस्था र मताधिकार

यो सम्मेलनमा नेपाल मगर संघको तर्फवाट १० जना तथा अन्य देशको सम्वन्धमा ५/५ जना प्रतिनिधिको व्यवस्था गरिएको छ । मताधिकार भने संस्थागतरूपमा एक देश एक भोट हुनेछ ।

## ८. मुख्यालय

जनसंख्याको दृष्टिले बहुसंखयक मगरहरू नेपालमा रहेकाले अन्तराष्ट्रिय मगर महासंघको मुख्यालय काठमाडौंमा रहनेछ ।

## ९. आधार–पत्र पारित र कार्यन्वयन

नेपाल मगर संघको तर्फवाट अन्तराष्ट्रिय मगर महासंघ गठनसम्वन्धि यो आधारपत्र यही असोज २६ र २७ गते काठमाडौंमा हुने मगर अन्तराष्ट्रिय सम्मेलनमा प्रस्तुत गर्न तयार गरिएको हो । सम्मेलनमा छलफल र पारित भएलगतै आधार–पत्र कार्यन्वयन हुनेछ र सोही आधारमा महासंघको संस्थापक नेतृत्व पनि घोषणा गरिनेछ । सोही नेतृत्वले आधार–पत्रको आधारमा महासंघको विद्यान तयार गर्ने, संस्थागत गर्ने र कानुनी हैसियत प्रदान गर्न आवश्यक प्रक्रिया पुरा पनि गर्नेछ ।

## १०. मगर अपिल

अन्तर्राष्ट्रिय मगर महासंघ स्थापना र संचालन गर्ने कुरा आफैमा महत्वाकाङ्क्षी काम हो । तसर्थ मगरहरूलाई अन्तराष्ट्रियरूपमा संगठित र परिचालित गर्ने हेतुले तयार गरिएको अन्तराष्ट्रिय मगर महासंघ गठनसम्वन्धि यो आधार–पत्रमाथि श्रृजनात्मक सुझाव र टिप्पणीको लागि अपिल गर्दछौं ।

## आधार–पत्र लेखन समिति

- गंगा खासु मगर – संयोजन
- प्रा. डा. केशरजंग बरालमगर
- बमकुमारी बुढामगर
- डा. गोबिन्द थापामगर
- सुरेश आलेमगर
- डा. श्यामु थापामगर
- डा. मिन श्रीसमगर
- भोजबिक्रम बुढामगर
- लालबहादुर पुनमगर
- उजीर मगर
- झकेन्द्र घर्ति मगर

***अनुसूचि १:*** विश्वका विभिन्न देशमा क्रियाशील मगरहरूको संघसंस्थाहरू

| **क्र.सं.** | **नाम** | **अवस्था** |
|---|---|---|
| ०१ | नेपाल मगर संघ | राष्ट्रिय संघ |
| ०२ | अखिल भारत मङ्गर संघ, इन्डिया | राष्ट्रिय संघ |
| ०३ | मगर संघ, हङकङ | राष्ट्रिय संघ |
| ०४ | मगर संघ, बेलायत | राष्ट्रिय संघ |
| ०५ | मगर संघ, बेल्जियम | राष्ट्रिय संघ |
| ०६ | मगर संघ, अमेरिका | राष्ट्रिय संघ |
| ०७ | मगर संघ, क्यानाडा | राष्ट्रिय संघ |
| ०८ | मगर संघ, पोर्तुगल | राष्ट्रिय संघ |
| ०९ | मगर समाज अष्ट्रेलिया | राष्ट्रिय संघ |
| १० | मगर संघ, साइप्रस | राष्ट्रिय संघ |
| ११ | मगर संघ, इटली | राष्ट्रिय संघ |
| १२ | मगर संघ, अष्ट्रिया | राष्ट्रिय संघ |
| १३ | मगर संघ, नर्वे र स्वीडेन | राष्ट्रिय संघ |
| १४ | मगर संघ, स्पेन | राष्ट्रिय संघ |
| १५ | मगर संघ, मकाउ | राष्ट्रिय संघ |
| १६ | मगर समाज नेदरल्याण्ड | राष्ट्रिय संघ |
| १७ | मगर संघ, जर्मनी | राष्ट्रिय संघ |
| १८ | मगर संघ, फ्रान्स | राष्ट्रिय संघ |
| १९ | मगर संघ, डेनमार्क | राष्ट्रिय संघ |
| २० | मगर संघ, भुटान | राष्ट्रिय संघ |
| २१ | मगर संघ, बर्मा | राष्ट्रिय संघ |
| २२ | नेपाल मगर संघ, कतार | नेपाल मगर संघको शाखा |
| २३ | नेपाल मगर संघ, यूएइ | नेपाल मगर संघको शाखा |
| २४ | नेपाल मगर संघ, साउदी अरब | नेपाल मगर संघको शाखा |
| २५ | नेपाल मगर संघ, कुबेत | नेपाल मगर संघको शाखा |
| २६ | नेपाल मगर संघ, बहराइन | नेपाल मगर संघको शाखा |
| २७ | नेपाल मगर संघ, इजरायल | नेपाल मगर संघको शाखा |
| २८ | नेपाल मगर संघ, ओमन | नेपाल मगर संघको शाखा |
| २९ | नेपाल मगर संघ, मलेसिया | नेपाल मगर संघको शाखा |
| ३० | नेपाल मगर संघ, दक्षिण कोरिया | नेपाल मगर संघको शाखा |
| ३१ | नेपाल मगर संघ, जापान | नेपाल मगर संघको शाखा |
| ३२ | नेपाल मगर संघ, न्यू दिल्ली | नेपाल मगर संघको शाखा |
| ३३ | नेपाल मगर संघ, अफगानिस्तान | नेपाल मगर संघको शाखा |